नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
# शिक्षा तथा मानव स्रोत विकास केन्द्र

# २०७९/०८० अङ्क-११ विद्यालय शिक्षा सम्बन्धी गतिविधि-६५ (पूर्णाङ्क २७०)

## अभिलेखीकरण हुन आउने सम्बन्धी जरुरी सूचना

**केन्द्रको वेबसाइटमा प्रकाशित मिति : २०७९।११।१२**

नेपालको विद्यालय शिक्षामा सूचना प्रविधिको प्रयोग सम्बन्धमा विभिन्न प्रयत्न भइरहेका छन्। यसै सन्दर्भमा विद्यालय क्षेत्र सुधार कार्यक्रमको अवधिदेखि विद्यालयहरूमा सूचना प्रविधि प्रयोगशाला स्थापना र सञ्चालनका लागि विद्यालयहरूलाई अनुदान प्रदान गरिँदै आइरहेकोमा पछिल्लो समयमा राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत यस कार्यक्रमलाई निरन्तरता दिँदै आइएको छ।

यसरी विद्यालयहरूमा प्रयोग भएका विभिन्न सफ्टवेयर एवं सामग्रीहरूको विश्वसनीयता एवं शिक्षण सिकाइमा तिनको प्रयोग सम्बन्धमा पनि प्रश्न उठ्ने गरेकाले विद्यालयहरूले प्रयोग गर्ने सफ्टवेयर र डिजिटल सामग्रीको प्रयोगलाई व्यवस्थित गर्नका लागि केन्द्रबाट मिति २०७९।०९।२९ मा (विद्यालयमा सूचना तथा सञ्चार प्रविधि प्रयोगशाला सञ्चालन तथा व्यवस्थापनका लागि) प्रकाशित स्पेसिफिकेसनमा Learning Management System (LMS) मा समावेश हुनुपर्ने विशेषता (Features) उल्लेख भएको व्यहोरा सम्बन्धित सबैलाई अवगत नै छ। सोही आधारमा विद्यालयहरूले कार्यान्वयन गरेको वा गर्ने प्रक्रिया भएकै होला।

यसै परिप्रेक्ष्यमा यस केन्द्रले के-कस्ता विशेषता (Features) भएका Learning Management System (LMS) विद्यालयहरूले प्रयोग गर्दैछन् भन्ने कुराको अभिलेख राख्नुपर्ने भएकाले उक्त प्रणाली वितरण गरेका वा गर्ने क्रममा रहेका सङ्घ/संस्था तथा फर्महरूले स्पेसिफिकेसनमा उल्लेख भए अनुसार (LMS का विशेषता भएका) का Digital Content सहित आफ्नो LMS प्रणाली, केन्द्र वेबसाइटमा सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र शिक्षा तथा मानव स्रोत विकास केन्द्रको शैक्षिक सूचना व्यवस्थापन शाखामा अभिलेखीकरणका लागि पेस गर्न सूचित गरिन्छ।

## विपन्न लक्षित छात्रवृत्तिका लागि फाराम भर्ने/भराउने सम्बन्धमा ।

**श्री सामुदायिक विद्यालयहरू ।**

सामुदायिक विद्यालयका माध्यमिक तह (कक्षा ९-१२) मा अध्ययनरत विद्यार्थीहरूलाई आ.व. २०८०/८१ मा विपन्न लक्षित छात्रवृत्ति उपलब्ध गराउने प्रयोजनका लागि शैक्षिक सत्र २०७९ मा कक्षा ८ र १० मा अध्ययनरत विद्यार्थीहरूले देहाय बमोजिम PMT (Proxy Means Testing) फाराम भर्न तथा सम्बन्धित विद्यालयहरूले भराउन निर्णयानुसार अनुरोध छ।

१. **विद्यालयहरूले आफ्नो User र पासवर्ड प्रयोग गरी https://iemis.cehrd.gov.npaf6PMT Template डाउनलोड गर्ने र विद्यार्थीहरूलाई फाराम उपलब्ध गराउने ।**
२. **विपन्न लक्षित छात्रवृत्ति कार्यान्वयन मापदण्ड, २०७८ को प्रक्रिया पुर्‍याई फाराम भर्ने/भराउने ।**
३. **उक्त Template मा Macro enable गरी विद्यार्थीहरूले भरी विद्यालयमा पेस गरेको PMT Template अनुसारको विवरण अद्यावधिक गर्ने ।**
४. **विद्यार्थी विवरण अद्यावधिक गरिएका PMT Template लाई iemis.cehrd.gov.np मा विद्यालयको User र पासवर्ड प्रयोग गरी अपलोड गर्ने ।**
५. **कक्षा ८ र १० दुवै कक्षा सञ्चालन भएका विद्यालयले दुवै कक्षाका विद्यार्थीहरूको विवरण एउटै Template मा Update गर्ने ।**

PMT फाराम २०७९ फागुन १० देखि चैत ९ गतेभित्र विद्यार्थीहरूलाई भराउने र चैत्र मसान्तभित्र अपलोड गरिसक्नुपर्नेछ। निर्धारित म्यादभन्दा पछि अपलोड भएका फारामहरू मान्य हुनेछैनन्।

## शैक्षिक सत्रको कार्यान्वयन, विद्यार्थी भर्ना र संस्थागत विद्यालयबाट प्रदान गरिने छात्रवृत्ति सम्बन्धमा शिक्षा तथा मानव स्रोत विकास केन्द्रको अनुरोध

१. विद्यालय तहको आगामी शैक्षिक सत्र २०८० शिक्षा नियमावली, २०५९ (संशोधन सहित) को नियम ८४(१) बमोजिम शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको मिति २०७९।१०।६ को (माननीय मन्त्री स्तरीय) निर्णय अनुसार आगामी २०८० वैशाख १ गते प्रारम्भ भई चैत्र मसान्तसम्म कायम हुनेगरी तोकिएको छ। आगामी शैक्षिक सत्र २०८० सुरु भएपछि मात्र विद्यालयले विद्यार्थी भर्ना गर्ने व्यवस्था मिलाउने र सोको अनुगमन स्थानीय तहबाट गर्नुहुन।
२. माध्यमिक शिक्षा परीक्षा कक्षा १० Secondary Education Examination (SEE) को नतिजा प्रकाशन भएपछि मात्र कक्षा ११ मा विद्यार्थी भर्नाको व्यवस्था मिलाउनुहुन।
३. अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन २०७५ को दफा २७ को उपदफा (३) बमोजिम निजी लगानीका विद्यालय र सार्वजनिक शैक्षिक गुठी अन्तर्गत सञ्चालन भएका पाँचसय जनासम्म विद्यार्थी रहेका विद्यालयहरूले कम्तीमा दश प्रतिशत पाँचसयदेखि आठसय जनासम्म विद्यार्थी रहेका विद्यालयहरूले कम्तीमा बाह्र प्रतिशत आठसय जनाभन्दा बढी विद्यार्थी रहेका विद्यालयहरूले कम्तीमा पन्ध्र प्रतिशत विद्यार्थीहरूका लागि छात्रवृत्ति उपलब्ध गराउनुपर्ने प्रावधान भएकाले सोही अनुसार तोकिएको सङ्ख्यामा विद्यालयबाट छात्रवृत्ति वितरण गर्नुहुन र छात्रवृत्ति वितरणलाई प्रभावकारी व्यवस्थित पारदर्शी बनाउनका लागि स्थानीय तहले सहजीकरण गर्नुहुन र अनुगमन गर्नुहुन।
४. विदेशी वोर्डको पाठ्यक्रम अनुसारको पठनपाठन गर्ने गरी शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयबाट अनुमति प्राप्त विद्यालयले सम्झौता वा समझदारी पत्र Memorandum of Understanding (MOU) मा तोकिए बमोजिमको प्रक्रिया पूरा गरी निर्धारित सङ्ख्यामा छात्रवृत्ति उपलब्ध गराउने व्यवस्थालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नुहुन।

## शैक्षिक रेडियो कार्यक्रम प्रसारण सम्बन्धी सूचना

शिक्षक, विद्यार्थी, अभिभावक, शिक्षाकर्मी र शैक्षिक सरोकारवाला सबैका लागि उपयोगी हुने शैक्षिक रेडियो कार्यक्रम हरेक मङ्गलबार र शनिबार बेलुका ७:२५ बजेदेखि १५ मिनेटसम्म रेडियो नेपालबाट प्रसारण गरिँदै आएको जानकारी गराइन्छ। शैक्षिक रेडियो कार्यक्रम निम्न बमोजिमका विषयहरूमा आधारित रही प्रसारण गरिने भएकाले नियमित रूपमा सुनिदिनुहुन सम्बन्धित सबैमा अनुरोध छ।

- प्रत्येक हप्ताको मङ्गलबार शैक्षिक सूचना तथा जानकारी, केन्द्रदेखि विद्यालय सम्मका समाचारमूलक गतिविधि, समसामयिक विषयमा परिसंवाद तथा अन्तर्वार्ता, शैक्षिक नीति, योजना, कार्यक्रम, ऐन/नियम, निर्देशिका, कार्यविधि र कार्यढाँचा सम्बन्धी जानकारी तथा कार्य प्रगति विवरण, लेख रचना र विद्यालय शिक्षाका असल अभ्यास समेटिएको स्थलगत रेडियो रिपोर्ट र शैक्षिक नाटक तथा छलफल जस्ता कार्यक्रम।
- प्रत्येक हप्ताको शनिबार शिक्षा सम्बन्धी विषयवस्तुमा आधारित लघुनाटक, नाटक, छलफल, सामाजिक, सांस्कृतिक पर्व, दिवस विशेष नाटक/छलफल, समसामयिक कुराकानी र सचेतनामूलक सन्देश आदि।

यस केन्द्रबाट प्रसारण गरिएका कार्यक्रमहरू केन्द्रको फेसबुक पेज www.facebook.com/radiodistance मा समेत सुन्न सकिनेछ। कार्यक्रमका सम्बन्धमा केही सुझाव तथा प्रतिक्रिया भए हामीलाई इमेल ठेगाना radiodeol@gmail.com मा पठाउन सक्नुहुनेछ।

## टेलिभिजनबाट श्रव्यदृश्य पाठ प्रसारण सम्बन्धी सूचना

विद्यालय शिक्षाको पाठ्यक्रम, पाठ्यपुस्तकमा आधारित भई यस केन्द्रबाट उत्पादन गरिएका कक्षा ८ र ७ का विषयगत श्रव्यदृश्य पाठहरू हरेक दिन बिहान ५:४५ बजेदेखि ७:०० बजेसम्म र कक्षा ६ र ४ का श्रव्यदृश्य पाठहरू बिहान ७:४५ बजेदेखि ९:०० बजेसम्म प्रसारण गरिँदै आइएकोमा यही कात्तिक २० गतेदेखि कक्षा ८, ७, ६ र ४ का श्रव्यदृश्य पाठहरू बिहान ६:०० बजेदेखि ८:३० बजेसम्म २ घन्टा ३० मिनेट लगातार प्रसारण गरिने र कक्षा १, २ र ३ का श्रव्यदृश्य पाठहरू साविककै समय अपरान्ह ४:३० बजेदेखि ५:४५ बजेसम्म र कक्षा ९ र १० का श्रव्यदृश्य पाठहरू पनि साविककै समय साँझ ५:४५ बजेदेखि ७:०० बजेसम्म शनिबार बाहेक हरेक दिन नेपाल टेलिभिजनको NTV+ च्यानलबाट प्रसारण गरिनेछन्। यसरी प्रसारण गरिने श्रव्यदृश्य पाठहरूबाट विद्यार्थीहरूले फाइदा लिन सक्ने वातावरण बनाइदिनुहुन सम्पूर्ण अभिभावक, शिक्षक तथा सम्बन्धित सरोकारवालाहरू समक्ष अनुरोध छ। साथै सबै विद्यार्थीले उक्त पाठहरू हेरी लाभ लिनुहुन अनुरोध गरिन्छ।

श्रव्यदृश्य पाठहरूको प्रसारण समय तालिका यस केन्द्रको वेबसाइट cehrd.gov.np मा हेर्न सकिनेछ। कक्षा १ देखि १० सम्मका श्रव्यदृश्य पाठहरू केन्द्रको Youtube Channel: www.youtube.com/ncedvirtual बाट आफ्नो अनुकूल समयमा आवश्यकता अनुसार पनि हेर्न सकिनेछ।

## बूढानीलकण्ठ स्कुल, काठमाडौंको
## बूढानीलकण्ठ स्कुल तथा साझेदारी कार्यक्रम अन्तर्गतको
## छात्रवृत्ति परीक्षा सम्बन्धी सूचना

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय अन्तर्गत बूढानीलकण्ठ स्कुल, काठमाडौँ तथा साझेदारी कार्यक्रममा सहभागी विद्यालयहरूमा कक्षा ५ देखि आवासीय रूपमा निःशुल्क वा सहुलियत शुल्कमा अध्ययनका लागि विपन्न समुदायका जेहेनदार बालबालिकाहरू मध्येबाट छात्रवृत्तिमा छनोटका लागि तपसिल बमोजिमको सूचना प्रकाशित गरिएको छ।

१. **छनोटका आधार** : वि.सं. २०६९/०१/०१ गतेदेखि २०७०/१२/३० गतेसम्म जन्म भई कम्तीमा कक्षा ३ र कक्षा ४ मा सामुदायिक विद्यालयमा नियमित रूपमा अध्ययन गरी शैक्षिक सत्र २०७९ मा कक्षा ४ अध्ययन पूरा गरेका छात्र-छात्रामध्ये विभिन्न भौगोलिक क्षेत्र तथा लक्षित समुदाय समेतको प्रतिनिधित्व हुनेगरी लिखित प्रतियोगितात्मक परीक्षाको नतिजाको योग्यता क्रमका आधारमा अन्तर्वार्ताबाट विद्यार्थी छनोट गरिनेछ।

२. **फाराम बुझाउने मिति र समय** : २०७९ चैत २७ गते सोमबार, दिउँसो १:०० देखि ४:०० बजेसम्म तथा
२०७९ चैत २८ गते मंगलबार बिहान ८:०० बजेदेखि १०:०० बजेसम्म

दरखास्त फाराम bnks.edu.np वा cehrd.gov.np बाट डाउनलोड गरी रीतपूर्वक भरेर दरखास्त फाराममा तोकिए बमोजिम सिफारिस तथा प्रमाणित गराई आवश्यक कागजात सहित आफ्नो जिल्लालाई तोकिएका परीक्षा केन्द्रमा बुझाउनुपर्नेछ।
रीतपूर्वक भरी दस्तखत गरी प्रमाणित गरिएको फाराम र आवश्यक कागजात स्क्यानिङ गरी इमेल ठेगाना scholarship080@bnks.edu.np मा परीक्षा अगावै पठाउन सकिनेछ। तर सक्कल कागजातहरू परीक्षा केन्द्रमा अनिवार्य रूपमा बुझाउनुपर्नेछ।

३. **लिखित परीक्षा मिति र समय** : २०७९ चैत २८ गते मंगलबार, बिहान ११:०० बजे।

४. **पाठ्यक्रम** : कक्षा ३ र ४ मा पढाइ हुने विषयहरू : नेपाली, अङ्ग्रेजी, गणित, विज्ञान, सामाजिक शिक्षा र सामान्य ज्ञान (४० प्रतिशत वस्तुगत र ६० प्रतिशत विषयगत)।

५. **बूढानीलकण्ठ स्कुलका निमित्त खुला तथा आरक्षण सिटको सङ्ख्या : ४२ (५०% छात्रा रहने)**
(क) खुला र आरक्षणतर्फ एक जिल्लाबाट एक जनाभन्दा बढी नहुने गरी ४० जना विद्यार्थी छनोट गरिनेछ।
(ख) आरक्षण सिट : २० जना (लोपोन्मुख-२, दलित-४, मुस्लिम-१, मधेशी-४, आदिवासी/जनजाति-५, पिछडिएको क्षेत्र- र द्वन्द्वपीडित-२),
(ग) विद्यालय रहेको स्थानीय तह बूढानीलकण्ठ नगरपालिका भित्रका-२ जना (एक छात्र र एक छात्रा)।

६. साझेदारी कार्यक्रम अन्तगर्तका साझेदारी स्कुलका निमित्त उपलब्ध भएसम्म जिल्ला नदोहोरिने गरी जम्मा ७७ जना विद्यार्थी छनोट गरिनेछ। यसमा आरक्षण (दलित-५, मुस्लिम-२, मधेशी-६, जनजाति-९ र छात्रा कम्तीमा २६ जना)

७. **साझेदारी कार्यक्रमका सहभागी विद्यालयहरू** :
१. शीतलादेवी मा.वि., धनकुटा
२. नवजीवन माध्यमिक विद्यालय, जुटपानी, सर्लाही
३. कुलेश्वर आवास माध्यमिक विद्यालय, कुलेश्वर, काठमाडौँ
४. बालमन्दिर माध्यमिक विद्यालय, लुम्ले, कास्की
५. जनता मा.वि., पाल्पा
६. वीरेन्द्र विद्यामन्दिर माध्यमिक विद्यालय, टीकापुर, कैलाली

८. **आवेदन दस्तुर** : रु. १००/- (एक सय मात्र)।

९. **परीक्षा केन्द्रहरू** :

| क्र.सं. | परीक्षा केन्द्र, ठेगाना | परीक्षा केन्द्रमा सहभागी हुन पाउने जिल्लाहरू |
|---|---|---|
| १. | इलाम इजुकेसन फाउन्डेसन, इलाम | इलाम, झापा, पाँचथर र ताप्लेजुङ |
| २. | हिले मा.वि., हिले धनकुटा | धनकुटा, भोजपुर, तेह्रथुम र संखुवासभा |
| ३. | जनता मा.वि., इटहरी | सुनसरी, मोरङ, झापा, खोटाङ, सोलुखुम्बु र भोजपुर |
| ४. | सगरमाथा जनता मा.वि., ओखलढुङ्गा | ओखलढुङ्गा, सोलुखुम्बु, खोटाङ र उदयपुर |
| ५. | पशुपति आदर्श मा.वि., लहान, सिरहा | सिराहा, उदयपुर, खोटाङ र सप्तरी |
| ६. | याज्ञवल्क्य संस्कृत मा.वि., ज्ञानकूप, जनकपुर,धनुषा | धनुषा, सर्लाही, महोत्तरी र उदयपुर |
| ७. | जनज्योति मा.वि. चन्द्रनिगाहपुर, रौतहट | रौतहट, पर्सा, बारा र सर्लाही |
| ८. | जनज्योति मा.वि., गोलन्जोर, खुर्कोट, सिन्धुली | सिन्धुली, रामेछाप र दोलखा |
| ९. | आधुनिक राष्ट्रिय मा.वि., हेटौँडा, मकवानपुर | मकवानपुर, पर्सा, बारा, धादिङ, नवलपरासी (बर्दघाट सुस्ता पूर्व) र चितवन |
| १०. | सञ्जीवनी मा.वि., धुलिखेल, काभ्रेपलाञ्चोक | काभ्रेपलान्चोक, दोलखा, रामेछाप, भक्तपुर र सिन्धुपाल्चोक |
| ११. | बूढानीलकण्ठ स्कुल, काठमाडौँ | काठमाडौँ, सिन्धुपाल्चोक, भक्तपुर, ललितपुर, नुवाकोट, रसुवा र धादिङ |
| १२. | पवित्रा मा.वि., नाहाला, डुम्रे, तनहुँ | तनहुँ, गोरखा, मनाङ र लमजुङ |
| १३. | संस्कृत उच्च मा.वि., पोखरा, कास्की | कास्की, स्याङ्जा, लमजुङ र मुस्ताङ |
| १४. | रुद्रेपीपल मा.वि., बागलुङ | बागलुङ, मुस्ताङ, पर्वत र म्याग्दी |
| १५. | कालिका मानवज्ञान मा.वि., बुटवल, रुपन्देही | रूपन्देही, पाल्पा, कपिलवस्तु, नवलपरासी (बर्दघाट सुस्ता पूर्व), नवलपरासी (बर्दघाट सुस्ता पश्चिम), गुल्मी र अर्घाखाँची |
| १६. | राष्ट्रिय मा.वि. भालुवाङ, देउखुरी, दाङ | दाङ, सल्यान, प्युठान, रोल्पा, रुकुम पूर्व र अर्घाखाँची |
| १७. | सरस्वती मा.वि., नेपालगञ्ज, बाँके | बाँके, बर्दिया, डोल्पा, मुगु र हुम्ला |
| १८. | शीतल मा.वि., चौरजहारी | रुकुम पश्चिम, रुकुम पूर्व, जाजरकोट, सल्यान र डोल्पा |
| १९. | नेपाल राष्ट्रिय मा.वि., वीरेन्द्रनगर ६, सुर्खेत | सुर्खेत, हुम्ला, कालीकोट, मुगु, डोल्पा, दैलेख र जाजरकोट |
| २०. | जनता मा.वि., महत गाउँ, जुम्ला | जुम्ला, हुम्ला, मुगु, डोल्पा र कालीकोट |
| २१. | जनकल्याण मा.वि., साँफेबगर, अछाम | अछाम, बाजुरा, डोटी, बझाङ र मुगु |
| २२. | दुर्गालक्ष्मी नमुना मा.वि., अत्तरिया, कैलाली | कैलाली, कञ्चनपुर, डोटी, डँडेलधुरा र बझाङ |
| २३. | श्रीकृष्ण मा.वि., पाटन, बैतडी | डँडेलधुरा, बैतडी, डोटी, दार्चुला र बझाङ |

१०. **रीतपूर्वक भरी दस्तखत गरी प्रमाणित गरिएको आवेदन फारामको साथमा संलग्न गर्नुपर्ने कागजातहरू** :
(१) सम्बन्धित वडा कार्यालय वा स्थानीय तहले विपन्नताको आधार खुलाई छात्रवृत्तिका लागि सिफारिस गरेको सिफारिस पत्र।
(२) स्थानीय पञ्जिकाधिकारीले प्रदान गरेको विद्यार्थीको जन्म दर्ता प्रमाणपत्रको प्रतिलिपि।
(३) सामुदायिक विद्यालयबाट कक्षा ३ उत्तीर्ण गरेको प्रमाणपत्र र कक्षा ४ को अन्तिम प्रमाणपत्र जारी नभएको भए सो व्यहोरा खुल्ने विद्यालयको पत्र।
(४) विद्यार्थीका बाबु र आमा दुवैको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि। यदि बाबुआमा बाहेक अन्य व्यक्ति संरक्षक भए आधिकारिक निकायबाट विद्यार्थी सँगको नाता खुलाइएको प्रमाणपत्र र निजको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि।
(५) आरक्षित गरिएको सिटमा आवेदन दिन चाहने व्यक्तिले आफ्नो थर नेपाल सरकारले सार्वजनिक गरेको सूचीमा पर्ने भएमा सम्बन्धित समुदायको व्यक्ति भएको प्रमाणित हुनेगरी सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट वा सम्बन्धित आधिकारिक निकायबाट जारी गरिएको सिफारिस पत्र।
(६) पिछडिएको दुर्गम क्षेत्रका हकमा सम्बन्धित वडा कार्यालय वा स्थानीय तहले निज व्यक्ति हालसम्म सोही स्थानमा स्थायी बसोबास रहेको र निजको छोरा वा छोरीले स्थानीय सामुदायिक विद्यालयमा अध्ययन गरेको हो भनी खुलाइदिएको सिफारिस पत्र।
(७) द्वन्द्वपीडितका हकमा बाबु वा आमा द्वन्द्वपीडित भएको प्रमाण खुल्ने गरी जिल्ला प्रशासन कार्यालयबाट जारी गरिएको प्रमाणपत्र।
(८) हालसालै खिचेको दुवै कान देखिने पासपोर्ट साइजको २ प्रति फोटो।

**पुनश्च** :
(१) सम्बन्धित अभिभावकको एक सन्तान बूढानीलकण्ठ स्कुलमा नै छात्रवृत्तिमा अध्ययनरत भएमा निजको अर्को सन्तानलाई बूढानीलकण्ठ स्कुलमा छात्रवृत्ति प्रदान गरिनेछैन।
(२) छात्रवृत्ति छनोट समितिले परीक्षामा सामेल विद्यार्थीका अभिभावकको आयका सीमा तोकी सो सीमाको अधीनमा रही फाराम स्वीकृत वा अस्वीकृत गर्न सक्नेछ।
(३) माथि सि.नं. ९ बमोजिम जिल्लाहरूका सवालमा तोकिएको परीक्षा केन्द्र बाहेक अन्य परीक्षा केन्द्रबाट परीक्षा दिन पाइनेछैन।
(४) रीतपूर्वक नभरिएको, सबै विवरण खुलाई प्रमाणित नगरिएको तथा संलग्न गर्न भनिएका आवश्यक कागजात संलग्न नगरेका आवेदन फाराम स्वतः रद्द हुनेछन्।
(५) सम्पर्क नं. : ०१४३७०२४८/०१४३७१६३७